केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

प.सं.बै.वि.नि.वि/नीति/सूचना/०२/०७१/७२ मिति: २०७१/०५/०३

# सूचना

यस बैंकबाट जारी *"इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाको वित्तीय विवरण प्रकाशन गर्न सहमति प्रदान गर्ने तथा लाभांश स्वीकृत गर्ने सम्वन्धी कार्यविधि, २०६९"* को खण्ड (क) को बुँदा नं ३ र ८ तथा खण्ड (ख) को बुँदा नं ३, ५, ६, ८, १०, ११ र १२ लाई देहाय बमोजिम संशोधन गरिएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। साथै, सो कार्यविधिको खण्ड (ख) को बुँदा नं १ मा भएको व्यवस्थालाई हटाइएको छ।

खण्ड (क) को बुँदा नं ३:

*असार महिनासम्ममा पाकेको व्याज वर्षान्त पछिको साउन १५ गतेभित्र प्राप्त भएमा सो रकमलाई बैंक तथा वित्तीय संस्थाहरुले आ-आफ्नो आम्दानी लेखांकन सम्बन्धी नीतिमा स्पष्ट खुलाई गत आर्थिक वर्षको नाफा नोक्सान हिसावमा आम्दानी जनाउन सक्ने।*

खण्ड (क) को बुँदा नं ८:

*बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने गाभिने प्रयोजनका लागि सम्पत्ति तथा दायित्वको मूल्याङ्कन समेतको आधारमा तय भएको शेयर मूल्य अनुपात (Swap Ratio) का कारण फरक हुन आएको वचत (Surplus) रकमलाई बाँडफाँड नगरी सोझै पूँजीगत जगेडाकोषमा राख्नु पर्ने र त्यस्तो पूँजीगत जगेडाकोषमा रहेको रकमबाट इजाजतपत्रप्राप्त संस्थाले नगद लाभांश बाँड्न नपाउने।*

खण्ड (ख) को बुँदा नं ३:

*शेयर प्रिमियम रकमबाट नगद लाभांश घोषणा गर्न वा वितरण गर्न नपाइने।*

खण्ड (ख) को बुँदा नं ५:

*इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले अन्य इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुमा गरेको शेयर लगानी (Cross Holding) बिक्री नगरेसम्म त्यस्तो संस्थाले पाउने नगद तथा बोनस शेयर लाभांश वितरण रोक्का राख्ने।*

खण्ड (ख) को बुँदा नं ६:

*बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ बाहेक अन्य प्रचलित कानून बमोजिम वचत तथा ऋणको कारोवार गरिरहेका संस्थाहरुको इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाको संस्थापक शेयरमा रहेको लगानी बिक्री गर्ने कार्य नभएसम्म त्यस्तो संस्थाले पाउने नगद तथा बोनस शेयर लाभांश वितरण गर्न रोक्का राख्ने। तर "घ" वर्गको इजाजतपत्रप्राप्त संस्थाको हकमा यस अघि नै शेयर लिई कायम रहेको अवस्थामा यो व्यवस्था लागु नहुने।*

खण्ड (ख) को बुँदा नं ८:

*आर्थिक वर्ष समाप्त भएको मितिदेखि वार्षिक साधारण सभाको स्वीकृति लिने मितिसम्मको अवधिमा शीघ्र सुधारात्मक कारवाही कार्यान्वयन भई उक्त अवधिसम्ममा त्यस्तो कारवाही फुकुवा नभएको अवस्थामा नगद लाभांश तथा बोनस शेयर घोषणा गर्न वा वितरण गर्न नपाउने।*

खण्ड (ख) को बुँदा नं १०:

*समस्यामा रहेका बैंक तथा वित्तीय संस्थामा रहेको अन्तर बैंक लगानी, निक्षेप, कर्जा लगायतका दावीमा शत*

१८५

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

*प्रतिशत नोक्सानी व्यवस्था कायम गर्न लगाउने । त्यसैगरी विविध समस्यामा रही धितो लगायतका सम्पत्ति रोक्का रहेका ग्राहकहरुको कर्जामा समेत शत प्रतिशत नोक्सानी व्यवस्था कायम गर्नु पर्ने ।*

*तर, माथि उल्लिखित दावीहरुमा रहेको धितो बिक्री गर्न यस बैंकले, बन्देज लगाएको वा सम्पत्ति रोक्का राखेको अवस्थामा सम्बन्धित संस्थाले बिक्री गर्न वा रोक्का फुकुवा गर्न पहल गरेको भए कम्तीमा शंकास्पद वर्गको कर्जामा कायम हुनुपर्ने नोक्सानी व्यवस्था कायम गर्नु पर्ने र २०७२ असार मसान्तसम्ममा शत प्रतिशत नोक्सानी व्यवस्था कायम गर्नुपर्ने । यस बैंकले धितो बिक्री गर्न बन्देज लगाएको वा त्यस्तो सम्पत्ति रोक्का राखेको अवस्थामा सम्बन्धित संस्थाले बिक्री गर्न तथा रोक्का फुकुवा गर्न यस बैंकमा पत्राचार गरी पहल नगरेमा त्यस्तो धितो रहेको अन्तर बैंक लगानी, निक्षेप, कर्जा लगायतका दावी वापत शत प्रतिशत नोक्सानी व्यवस्था कायम गर्नुपर्ने । साथै गत आर्थिक वर्षमा नोक्सानी व्यवस्था कायम गरिसकेको अवस्थामा त्यस्तो कर्जा असुल नभएसम्म नोक्सानी व्यवस्था फिर्ता गर्न नपाइने ।*

खण्ड (ख) को बुँदा नं ११:

*यस बैंकले तोकेको न्यूनतम चुक्ता पुँजी कायम गरेको अवस्थामा मात्र नगद लाभांश घोषणा गर्न वा वितरण गर्न स्वीकृति दिने र यस प्रयोजनको लागि आ.व. २०७०/७१ मा प्रस्तावित बोनस शेयरलाई चुक्ता पुंजीमा गणना गर्न सकिने ।*

खण्ड (ख) को बुँदा नं १२:

*विद्यमान नेपाल लेखामान Events after Balance Sheet Date बमोजिम वित्तीय विवरण जारी गर्ने स्वीकृतिको मितिसम्मका Adjusting events लाई गत आर्थिक वर्षको वित्तीय विवरणमा समायोजन गर्न सकिने तर लाभांश घोषणा गर्ने प्रयोजनका लागि आर्थिक बर्ष समाप्त भएको ३ महिना भित्रका र बाह्य लेखापरिक्षकद्वारा Adjusting events हो भनी प्रमाणित गरेका Events लाई समायोजन गरी हुन आउने नाफा-नोक्सान हिसाबलाई आधार लिई लाभांश स्वीकृति प्रदान गर्न सकिने ।*

*तर कर्जा नोक्सानी व्यवस्था फिर्ता रकम समायोजन गर्ने हकमा धितोमा रहेको सम्पत्ति बिक्री तथा ऋणीको आन्तरिक नगद प्रवाहबाट कर्जा चुक्ता गरेको अवस्थामा मात्रै सो कर्जामा कायम रहेको कर्जा नोक्सानी व्यवस्था रकमलाई समायोजन गर्न सकिने ।*

भवदीय,

बासुदेव अधिकारी

(वासुदेव अधिकारी)
का.मु.कार्यकारी निर्देशक

बोधार्थ:

१. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
२. श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
३. श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
४. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग ।